**स्थानीय राजपत्र**

**नरहरिनाथ गाउँपालिकाद्वारा प्रकाशित**

| **खण्डः** | **संख्याः** | **असार १०,२०८१** |
|---|---|---|

**नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नरहरिनाथ गाउँपालिका, कालिकोटको गाउँसभाले तल लेखिए बमोजिम "विनियोजन ऐन २०८१" पारित गरेकाले सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।**

# विनियोजन ऐन, २०८१

नरहरिनाथ गाउँपालिका कुमालगाउँ, कालिकोटको आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृत मितिः २०८०।३।११**

**प्रस्तावनाः** नरहरिनाथ गाउँपालिका, कालिकोट २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) वमोजिम नरहरिनाथ गाउँपालिका, कालिकोटको गाउँ सभाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम नरहरिनाथ गाउँपालिका, कालिकोटको विनियोजन ऐन, २०८० रहेको छ ।
२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।
३. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गा
४. उँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च र पूँजीगत खर्च बजेट तथा कार्यक्रममा उल्लिखित भए बमोजिम जम्मा रकम **५२,२८,३२,९७५ (मात्र** ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

५. **विनियोजन** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को नरहरिनाथ गाउँपालिका, कालिकोटको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन गएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको **३० प्रतिशतमा** नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भूक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ

विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको वर्ष व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको ३० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक ना एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाकी स्वीकृति लिनु पर्नेछ ।

पस्तुत विनियोजन विधेयक, २०८१ गाउँसभाको मिति २०८१।०३।१० गतेको बैठकबाट सर्वसम्मत रुपमा पारित भएको प्रमाणित गर्दछु।

**नगेन्द्र बहादुर बिष्ट**

**अध्यक्ष**